Regd. No. 981/066-67 Ktm.
NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL
(NCE Nepal)
Babarmahal, Kathmandu
Phone : 6203009
Ref. No.

## उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ सार्वजनिकीकरण कार्यक्रम सम्पन्न
## प्रेस विज्ञप्ति

परिवर्तनको माग संगै नेपालको शिक्षा क्षेत्रलाई मार्गनिर्देशन गर्ने नीति, रणनीति, कार्यनीति, संयन्त्र र प्रणाली प्रस्ताव गर्ने उद्देश्यसहित तयार गरिएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ को सार्वजनिकीकरण कार्यक्रम आज सम्पन्न भएको छ । उक्त आयोगका बहुमत सदस्यहरुको निर्णय, स्वीकृति तथा एनसिई नेपाल र ग्लोबल एक्सन नेपालको प्रकाशकीय सहयोगमा आयोजना भएको प्रतिवेदन सार्वजानिकीकरण कार्यक्रममा उपस्थित १३ सदस्यहरुले संयुक्त रुपमा प्रतिवेदन सार्वजानिक गर्नु भएको हो । नेपाली नागरिकको सहयोग र सहभागितामा तयार गरिएको उक्त प्रतिवेदन सार्वजनिक गर्नु सरकारको दायित्व थियो तर सरकारले उक्त प्रतिवेदन सार्वजानिक गरेन । तसर्थ आयोगको प्रतिवेदनले प्रस्ताब गरेका सवाल तथा मुद्धाहरुमा यथेष्ठ छलफल, बहस तथा विमर्श हुनु पर्दछ भन्ने ऐतिहाँसिक आवश्यकता बोध गरी एनसिई नेपालले आयोगका माननीय सदस्यज्यूहरुसँग प्रतिवेदन सार्वजानिक गर्न प्रकाशन सहयोग तथा सहकार्य गरेको हो ।

कार्यक्रममा आयोग तथा प्रकाशका तर्फवाट संयुक्त विज्ञप्तिलाई सदस्य श्री श्याम श्रेष्ठले सार्वजनिक गर्नुभयो । कार्यक्रममा बोल्दै आयोगका सदस्य श्री श्याम श्रेष्ठले सार्वजनिक विद्यालयलाई सवलीकरण गर्ने ध्येयका साथ तयार गरिएको प्रतिवेदन गणतान्त्रिक नेपालमा हालसम्म पनि सार्वजनिक नहुनु नागरिकको सूचना प्राप्तिको हकको हनन भएको ठहर गर्नुभयो । उहाँले उक्त प्रतिवेदनले सार्वजनिक विद्यालयमा सक्षम प्रधानाध्यापक, आवश्यक शिक्षक, वलियो पूर्वाधार र सार्वजनिक सेवा प्राप्त गर्ने कर्मचारीका वालवालिकाहरुलाई सार्वजनिक विद्यालयमै पठाउने कुरा समावेश गरिएको कुरा व्यक्त गर्नुभयो । शिक्षामा रुपान्तरण सम्भव छ भन्ने नारालाई आत्मसाथ गर्दै कार्यक्रममा आयोगकै सदस्य श्री विद्यानाथ कोइरालाले जनतालाई सूचनाको हक अन्तर्गत त्यस प्रतिवेदनमा के के बिषय रहेका छन् भन्ने कुरा जान्ने र त्यसमाथि छलफल चलाउने पुरापुर हक रहेको तथ्य मनन गरी आयोजना गरिएको उक्त सार्वजनिकीकरण कार्यक्रमले सार्वजनिक शिक्षा सुदृढीकरणमा टेवा पुर्याउने कुरा व्यक्त गर्नुभयो ।

आयोगकै सदस्य प्रा.डा. सुजन बाबु मरहठ्ठाले विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वद्धका चुनौतिहरु तथा शिक्षालाई व्यवहारिक कसरी वनाउने भन्ने विषय समेटि तयार गरिएको उक्त प्रतिवेदनले शिक्षालाई राज्यले आफ्नो दायित्वको रुपमा लिनुपर्छ भन्ने मूल मर्म समेटेको कुरा व्यक्त गर्नुभयो । आयोगका अर्का सदस्य डा. कृष्ण प्रसाद पौडेलले समाज परिवर्तन गर्नका निमित्त दक्ष जनशक्तिको आवश्यकता रहेको छ र त्यसको लागि शिक्षा नै महत्वपूर्ण हतियार हो भन्ने ठहर गर्दै सो का निमित्त प्रतिवेदनलाई सार्वजनिक वहसको विषय वनाउनुपर्नेमा जोड दिनुभयो ।

आयोगकै सदस्य तथा नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष श्री लक्ष्मण शर्माले शिक्षा सुधार गर्ने जिम्मेवारी सबैको हो र यो प्रतिवेदनका विषयवस्तुहरु संसद तथा राजनीतिक पार्टिको छलफलको विषय बनोस् भन्ने कुरा व्यक्त गर्नुभयो । आयोगकै सदस्य तथा नेपाल शिक्षक महासंघका अध्यक्ष श्री बाबुराम थापाले निजी विद्यालयवारे व्यवस्थापन, निजी तथा सार्वजनिक विद्यालयका शिक्षकहरुका प्रावधान लगायतका प्रावधानहरु अझैपनि प्रतिवेदनमा नसमेटिएको तर यस्ता विषयहरु गहन रहेको जानकारी गराउँदै प्रतिवेदन कार्यान्वयन गर्नका निमित्त विभिन्न तहमा जोडदार माग गर्ने तथा सघाउ पुर्‍याउन सबै सरोकारवालाहरु जागरुक हुन आग्रह गर्नुभयो ।

प्रकाशक तथा आजको कार्यक्रमको एक आयोजक संस्थाका तर्फबाट एनसिई नेपालका अध्यक्ष श्री डिल्लीराम सुवेदीले पटक पटक नागरिकको सूचनाको अन्तर्गत सो प्रतिवेदनको माग एनसिई नेपालद्धारा गरिएतापनि सरकारद्धारा सार्वजनिक नभएकाले प्रतिवेदनमा रहेका सबै सवालहरुलाई आलोचनात्मक चेतबाट हेर्दै यसमा रहेका महत्वपूर्ण सुझाबहरुमाथि गहिरो र सार्थक बहसको अपेक्षासहित सार्वजनिक गरेको जानकारी गराउनुभयो । हालसम्म शिक्षामा पार्टीकरण मात्र भएकोले अब शिक्षामा रुपान्तकारी परिवर्तनका निमित्त शिक्षालाई राजनीतिक मुद्धा बनाउनुपर्दछ भन्ने जोड दिँदै उहाँले यस प्रतिवेदनले सो मा योगदान पुर्‍याउने कुरा उहाँले व्यक्त गर्नुभयो । कार्यक्रममा शिक्षाविज्ञ श्री केदारभक्त माथेमाले लिखित सन्देश मार्फत र अभिभावक महासंघका श्री यादव प्रसाद, विद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष श्री कृष्ण थापा, प्रधानाध्यापकहरुका तर्फवाट पूर्ण प्रसाद दवाडी र श्री गिता काफ्लेले मन्तव्यबाट सो प्रतिवेदन सार्वजनिक हुनु गौरवको कुरा हो र यसको सार्वजनिकीकरण भएपश्चात् अव यसको कार्यान्वयनका निमित्त आफूहरु सदैव प्रतिवद्ध रहने जानकारी गराउनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै आयोगकै सदस्य श्री विमल फुयाँलले सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त नेपालको इतिहाँस, अस्मिता, सभ्यतालाई झल्काउने किसिमका ज्ञान प्रदान गर्ने शिक्षाको सुझाव समेटीएको गरेको यस प्रतिवेदनलाई आगामी दिनमा शिक्षाका सरोकारवालहरुले अध्ययन गरी प्रतिवेदनमा छुटेका विषयवस्तुहरु समेत समेटी घनघोर छलफल तथा वहस गर्न आग्रह गर्नुभयो । कार्यक्रममा उच्च स्तरीय राष्ट्रिय आयोगका सदस्यहरु, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक संघसंगठनका प्रतिनिधि, विभिन्न सार्वजनिक विद्यालयहरुका प्रधानाध्यापक, नागरिक समाजका प्रतिनिधि, पत्रकार तथा शिक्षा सम्वद्ध सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता रहेको थियो ।

धन्यवाद ।
डिल्लीराम सुवेदी
अध्यक्ष, एनसिई नेपाल
२०७७ मंसिर १८ गते ।